
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्माता सन्तोष सेनको निर्देशनमा बनेको फिल्म 'बलिदान'को अन्ततः प्रदर्शन मिति घोषणा गरिएको छ । शुक्रबार दुईवटा पोस्टर सार्वजनिक गर्दै २०८२ सालको फूलपाती अर्थात् असोज १३ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि नै फूलपातीलाई 'डबल ट्रिपल', 'दशमी', 'हरिबहादुर को जुत्ता', 'महाराजधिराज' र 'माइतीघर'ले प्रदर्शन मिति घोषणा गरिसकेका छन् । 'बलिदान'को सार्वजनिक दुई पोस्टरमा मुख्य अभिनेता समीर भट्ट चित्रित छन् ।

**आजको विचार...**



माटो...
(दुई पेजमा)

दिनेश पाण्डे



अभिनेता सुशील श्रेष्ठको ५ वर्षपछिको कमब्याक फिल्म 'आउट ल : दफा २१९'को ट्रेलर सार्वजनिक गरिएको छ । ३ मिनेट लामो ट्रेलर प्रहरीले 'मोस्ट वान्टेड क्रिमिनल' घोषणा गरेको पृथ्वीजंग थापा नामक पात्रको वरिपरि घुमेको छ । त्यो पात्रको भूमिकामा सुशील छन् । उनको खोजीमा प्रहरीले चालेको अप्रेसन र उनले न्यायका लागि बदला लिन गरेको लडाइँलाई ट्रेलरले देखाउँछ । ट्रेलरमा सुशीलको अनुहार झन्डै डेढ मिनेटपछि मात्र देख्न सकिन्छ । त्यसपछि उनको एक्सनलाई बढी प्राथमिकता दिइएको छ ।

❐ वर्ष ३० ❐ अंक २१७ ❐ २०८१ फागुन १८ गते आइतबार 2 March 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारतको पञ्जाबमा घरको छत खस्दा ५ जनाको मृत्यु

(रासस/सिन्हुवा)

**नयाँदिल्ली,** फागुन १७/भारतको उत्तरी राज्य पञ्जाबमा शनिबार घरको छाना खस्दा एक परिवारका पाँच सदस्य (एक दम्पती र तिनका तीन छोराछोरी) को मृत्यु भएको प्रहरीले जनाएको छ । पञ्जाबको सहर अमृतसरबाट २८ किलोमिटर दक्षिणमा रहेको तरनतारन जिल्लाको पाण्डोरी गोला गाउँमा स्थानीय समयअनुसार बिहान ४:३० बजे एउटा पुरानो घरको छाना खसेको थियो ।

प्रहरीका अनुसार परिवारका सदस्य सुतिरहेका बेला माथिको छत खसेको थियो । 'घटना लगत्तै स्थानीयहरूले उद्धार कार्य गरे र उनीहरू सबैलाई भग्नावशेषबाट निकाले । उनीहरूलाई अस्पताल लगिए पनि त्यहाँका डाक्टरहरूले उनीहरूलाई मृत घोषणा गरे,' एक प्रहरी अधिकारीले बताए । घर जीर्ण अवस्थामा रहेको प्रहरीले जनाएको छ । यसैबीच, प्रहरीले घटनामा मुद्दा दर्ता गरी अनुसन्धान गर्न आदेश दिएको छ ।

# व्यवसायमा देखिएको अस्वस्थ प्रतिस्पर्धा रोकी गुणस्तरमा ध्यान दिन आवश्यक छ : मन्त्री सारु

**राचन्द्र रायमाझी**

**पाल्पा,** फागुन १७/लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बजारमा अस्वस्थ व्यवसायिक प्रतिस्पर्धा देखिएको बताएका छन् ।

शनिबार नेपाल औषधि व्यवसायी संघ पाल्पाको आठौं साधारण सभा तथा सातौं जिल्ला अधिवेशनलाई तानसेनमा सम्बोधन गर्दै मन्त्री सारुले हरेक व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा देखिएको भन्दै त्यसलाई रोकी गुणस्तरतर्फ ध्यान दिन आवश्यक रहेको बताएका हुन् । उनले भने, 'व्यवसायी गर्नु भनेको मुनाफा कमाउनु त हो तर मुनाफा कमाउने नाममा गुणस्तरहिन बस्तु विक्री गर्नु र तोकिएको मूल्य भन्दा बढी लिनु राम्रो हैन, यसलाई तपाई हामी मिलेर रोक्नुपर्छ ।'अस्वस्थ





प्रतिस्पर्धालाई समयमै रोकथाम नगरे यसले समग्र बजारलाई नै असर गर्ने भएकाले व्यसायीहरु नै चनाखो बन्नुपर्ने मन्त्री सारुले उल्लेख गरे । प्रतिस्पर्धा खुल्ला अर्थतन्त्रको एउटा पूर्वसर्त भए तापनि त्यस्तो प्रतिस्पर्धाको नियत स्वच्छ हुनुपर्छ र त्यसको लाभ ग्राहक, बिक्रेता, उत्पादक र समग्र बजारले प्राप्त गर्नुपर्ने उनले बताए । उनले नीति, विधि र ऐन भित्र रहेर काम गर्न पनि औषधि व्यवसायी र स्वास्थ्य संस्थाहरुलाई आग्रह गरे । केही स्वास्थ्य संस्थाहरुले नीति, विधि र ऐन अनुसार काम नगरेकाले उनीहरुको नियमन र अनुगमन गर्ने काम प्रदेश सरकारले गरेको मन्त्री सारुले बताए । उनले सरकारी स्वास्थ्य संस्थाहरुको गुणस्तर वृद्धि गर्ने कार्यमा आफ्नो मन्त्रालयले तिव्रताका साथ काम गरेको उल्लेख गरे । केही व्यवसायी र संघसंस्थाहरु शिष्टममा नचल्दा जनतामा आक्रोस पैदा भएको समेत मन्त्री सारुले बताए ।

लुम्बिनी प्रदेश सांसद तथा पूर्वमन्त्री विरबहादुर रानाले सिंगो मानव जीवनसँग जोडिएको विषय औषधि व्यवसायी भएकाले संवेदनशील भएर व्यवसायी गर्न आग्रह गरे । उनले पछिल्लो समय जीवनशैली र खानापानका कारण मानिसहरुमा विभिन्न किसिमका रोगहरुले ग्रस्त बनाउँदै लगेकाले औषधि व्यवसायलाई मर्यादित, भरपर्दो र गुणस्तरीय बनाउनुपर्नेमा आवश्यकता रहेको औल्याए ।नेपाल औषधि व्यवसायी महासंघका पूर्व केन्द्रीय अध्यक्ष बाबुराम भट्टराईले मानिसहरुको आयु बढ्नुमा औषधि व्यवसायीहरुको महत्वपूर्ण योगदान रहेको बताए । उनले पाल्पाको औषधि व्यवसायीको इतिहासलाई कायम राख्न समेत संघलाई आग्रह गरे । संघका लुम्बिनी प्रदेश अध्यक्ष लोकराज न्यौपानेले बिना दर्ताका औषधि पसलहरुको अपजस दर्ता भएका पसलहरुले भोग्नु परेको उल्लेख गरे । उनले औषधि व्यवसायीहरुलाई तालिमको आवश्यक रहेकाले त्यसको व्यवस्था गरिदिन तीनै तहका सरकारसँग आग्रह गरे । कार्यक्रममा संघ लुम्बिनी प्रदेशका निवर्तमान अध्यक्ष शिव ज्ञवाली, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, संघका सल्लाहकारहरु नारायणबहादुर कार्की,यम चिदी, रुक्मागत शर्मा, पाल्पा व्यापार संघका अध्यक्ष विष्णुबहादुर कार्की, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, युनाइटेड मिसन अस्पतालकी निर्देशक रचेल कारख लगायतले साधारण सभा तथा अधिवेशनको सफलताको शुभकामना व्यक्त गरे । संघका अध्यक्ष विष्णु केसीको अध्यक्षता, निवर्तमान अध्यक्ष रामलाल श्रेष्ठको धन्यवाद ज्ञापन, उपाध्यक्ष समिरमान सिंहको स्वागत, महासचिव सूर्य बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।




# रोटरीले हस्तान्तरण गऱ्यो मिसन अस्पताललाई 'फोहोर पानी उपचार परियोजना'

**पाल्पा,**फागुन १७/ जिल्लाको सामाजिक क्षेत्रमा क्रियाशिल रोटरी क्लव अफ पाल्पा तानसेनले युनाईटेड मिसन अस्पताललाई 'फोहोर पानी उपचार युएमएच परियोजना' हस्तान्तरण गरेको छ । रोटरी इन्टरनेशनल डिष्ट्रीक ३२९२ भुटानको ग्लोवल ग्राउन्ड फन्ट अन्तर्गत क्लवले निर्माण गरेको परियोजना एक औपचारिक कार्यक्रमकाबिच अस्पताललाई हस्तान्तरण गरिएको हो ।



करिब ४ करोड २२ लाख लागतमा निर्मित उक्त परियोजना रोटरी इन्टरनेशनल डिष्ट्रीक ३२९२ नेपाल भुटानका निवर्तमान गभर्नर राजेन्द्रमान ध्वजु, क्लव पाल्पा तानसेनका अध्यक्ष भिमबहादुर श्रेष्ठ, रोटरी इन्टरनेशनलका प्रतिनिधि एन व्रिट, इन्जिनियर एट आर्मर लगायतले अस्पताललाई हस्तान्तरण गरेका हुन् । त्यस अवसरमा राजनीतिक दलका प्रतिनिधि, सरकारी अधिकारी तथा समाजसेवी, पत्रकारहरुको समेत उपस्थिति थियो । नर्सिङ स्कूल नजिकैको खाली जग्गामा फोहोर पानी उपचार सयन्त्रको संरचना निर्माण गरिएको छ । जहाँ मिसन अस्पताल क्षेत्रका करिब तीन सय बढी घर तथा होटल र तानसेन नर्सिङ्ग कलेजबाट निस्किने फोहोर पानीको व्यवस्थापन गरिने छ । यहाँ भूसलडाँडा क्षेत्रबाट आएको फोहोर पानी र अस्पताल क्षेत्रबाट आएको फोहोरको छुट्टाछुट्टै पाइप लाइनसँगै सेपटी तथा सफा पानी टंकी निर्माण गरिएको छ ।

-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्ववियु निर्वाचन निर्धारित मितिमै होस्

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन आगामी चैत ५ गते गर्ने गरी प्रक्रिया अगाडि बढाएको छ । यसअघि त्रिविको शैक्षिक क्यालेन्डरमा स्ववियु निर्वाचन फागुन १५ गते गर्ने तोकिएको थियो । तर त्रिविले केही कानुनी जटिलताका कारण अघिल्लो कार्यकालमा भएको समयमा नै स्ववियु निर्वाचन गर्ने गरी मिति निर्धारण गरेको हो । मिति निर्धारण भए पनि केही विद्यार्थी संगठनहरुले भाँचो हाल्न थालेका छन् । उमेर हदको कारण यो वर्ष उम्मेदवार बन्न नपाएका र निर्वाचन भाँडेर स्ववियुमा लामो समयसम्म राज गर्न चाहेका केही सभापतिले निर्वाचन भाँड्न खोजेको पाइन्छ । यसले फेरी कतै स्ववियु निर्वाचित तोकिएकै मितिमा नहुने हो कि भन्ने आशंका पनि विद्यार्थीहरुमा उत्पन्न गराएको छ । कार्यविधिमा उल्लेख भएको विषयलाई बखेडा झिकेर आफ्नै निर्वाचन भाँड्न खोज्नु गलत हो । चैत ४ गतेपछि कार्यकाल सकिने गरी निर्देशिका आएको छ । त्यसको विरोधमा तालाबन्दी गरेका सभापतिहरुले चैत ५ गते निर्वाचन हुन नसकेमा अर्को चुनाव नभएसम्मको लागि ६-६ महिनाको दरले कार्यकाल थपिनुपर्ने जिकिर गरेका छन् । तर यसले स्ववियु गरिमा माथि नै आँच आउने देखिन्छ ।

विद्यार्थीको शैक्षिक हक, अधिकार र अवसरका लागि संस्थागत रुपमा बोल्ने निकाय भनेको स्ववियु हो । विश्वविद्यालयले यसको आवश्यकतालाई आत्मसात गर्दै नियमसंगत रुपमा मान्यता प्रदान गरी एक विश्वासिलो सहयोगीका रुपमा अँगालेको छ । तर, पछिल्लो समय स्ववियु नै दलको राजनीति गर्ने थलो बन्दा यसको नकारात्मक असर उच्च शिक्षा दिने क्याम्पस र शिक्षा लिने विद्यार्थीमा परेको प्रत्यक्ष देखिन्छ । राणा शासन, पञ्चायती व्यवस्था, सवैधानिक राजतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा नेपालको विद्यार्थी आन्दोलनले महत्वपूर्ण भूमिका खेलेकोमा कसैको दुईमत छैन । तर तत्कालिन अवस्थामा स्ववियुको भूमिकाको जुन औचित्य थियो, अहिलेको अवस्थामा त्यो छैन । स्ववियुको विगतको गरिमालाई कायम राख्ने हो भने निर्धारित मितिमै निर्वाचन गराउनुपर्छ । यसलाई सबै विद्यार्थी संगठनले बुझ्न आवश्यक छ । यो विद्यार्थी संगठनको दायित्व पनि हो । निर्वाचन सार्ने विषय औचित्यहीन हुन्छ । तसर्थ त्रिविले निर्धारण गरेको मितिमै चुनाव गराउनु अहिलेको आवश्यकता हो ।

## Opinion @ Social Network

समयले सिकाउँछ, ग्रहले सम्झाउँछ ।

कुनै पनि खराब समयमा ग्रहको दोष मात्र हैन, कर्मको परीक्षा पनि चलिरहेको हुन्छ । धैर्यता राखौँ, सकारात्मक सोच राखौँ, सफलता अवश्य मिल्नेछ ।

*(लक्ष्मण भण्डारीको फेसबुक पेजको स्टाटस https://www.facebook.com/LaxmanBhadari)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# माटो हाम्रो जीवित साथी



**दिनेश पाण्डे**

> *हाम्रो घरका सदस्यहरू जस्तै गँड्यौलाले माटोलाई खुकुलो बनाउँछन्, ब्याक्टेरियाले मललाई पोषणमा बदल्छन्, केही अन्य जीवहरू माटो सफा गर्छन्, केही किसानले जस्तै माटोमा मल बनाउँछन् र अरू केही वैज्ञानिक जस्तै माटोभित्रका सबै प्रक्रियालाई व्यवस्थापन गर्छन् । माटो पृथ्वीमा हुने सबैभन्दा रोचक र जटिल पर्यावरणीय प्रणालीहरूमध्ये एक हो । सधैं खनीखोस्री गर्ने माटोका बारेमा हामीले कति बुझेका छौं त ! आखिर माटो के हो ? माटो पानी, हावा, खनिज र प्राङ्गारिक पदार्थको संयोजन हो । सामान्यतया माटोमा ४५ प्रतिशत खनिज, २० देखि ३० प्रतिशत पानी, २० देखि ३० प्रतिशत हावा र ५ प्रतिशत प्राङ्गारिक पदार्थ (मरेका बोटबिरुवा र जनावरहरूको भाग) हुन्छ । हावा र पानी माटोको छिद्रहरूमा मिलेर बसेका हुन्छन् । माटोमा हावा र पानीको मात्रा लगभग बराबर भएको उचित मानिन्छ । माटोमा प्राङ्गारिक पदार्थको मात्रा सबैभन्दा कम भए तापनि यसले माटोको स्वस्थता, पौष्टिकता र उत्पादकत्वलाई निकै प्रभाव पारेको हुन्छ । के माटो जीवित वस्तुहरूले भरिपूर्ण छ भनेर हामी विश्वास गर्न सक्छौं ? यदि एउटा सानो चिया चम्चा माटो उठाउँछौं भने त्यसमा संसारको हालको जनसंख्याभन्दा (८ अर्ब) धेरै गुणा बढी जीवहरू हुन सक्छन् । अर्थात् माटो असंख्य जीवहरूको विशाल घर हो। माटोमा रहेका जीवहरूले पनि हामी जस्तै खाना खान्छन्, बढ्छन्, अक्सिजन प्रयोग गर्छन् र कार्बनडाइअक्साइड उत्सर्जन गर्छन् ।*

एउटा घरमा परिवारका सबै जना आ-आफ्नो काममा व्यस्त छन् । बुबा भैंसी दुहुनुहुन्छ, गाईभैंसीलाई घाँस-पानी दिनुहुन्छ, अनि गोठ सफा गर्दै मल (भकारो) संकलन गर्नुहुन्छ, जुन पछि खेतमा मलको रूपमा प्रयोग गरिन्छ। आमा भान्सामा खाना पकाइरहनुभएको छ, दाजु सानी बहिनीलाई गृहकार्यमा मद्दत गर्दै हुनुहुन्छ । सबैको आ-आफ्नो काम छ, जसले घर राम्रोसँग चलेको छ । यो कथा नौलो होइन, हाम्रो समाजमा यस्तो दृश्य बारम्बार देखिन्छ ।

अब माटोभित्र लुकेको अदृश्य शहरको कल्पना गरौं । वैज्ञानिकहरूले हाम्रो बगैंचा, करेसाबारी वा खेतमा देखिने धुलो जस्तो कणलाई 'माटो' भन्छन् । माटो केवल पृथ्वीको बोटबिरुवा उम्रिने सतह मात्र होइन, यहाँ त अरबौं जीव बस्छन् । गँड्यौला, ब्याक्टेरिया, ढुसी, नेमाटोड्स, आइसोपोड्स र अरू धेरै । हाम्रो घरका सदस्यहरू जस्तै गँड्यौलाले माटोलाई खुकुलो बनाउँछन्, ब्याक्टेरियाले मललाई पोषणमा बदल्छन्, केही अन्य जीवहरू माटो सफा गर्छन्, केही किसानले जस्तै माटोमा मल बनाउँछन् र अरू केही वैज्ञानिक जस्तै माटोभित्रका सबै प्रक्रियालाई व्यवस्थापन गर्छन् । माटो पृथ्वीमा हुने सबैभन्दा रोचक र जटिल पर्यावरणीय प्रणालीहरूमध्ये एक हो । सधैं खनीखोस्री गर्ने माटोका बारेमा हामीले कति बुझेका छौं त ! आखिर माटो के हो ? माटो पानी, हावा, खनिज र प्राङ्गारिक पदार्थको संयोजन हो । सामान्यतया माटोमा ४५ प्रतिशत खनिज, २० देखि ३० प्रतिशत पानी, २० देखि ३० प्रतिशत हावा र ५ प्रतिशत प्राङ्गारिक पदार्थ (मरेका बोटबिरुवा र जनावरहरूको भाग) हुन्छ । हावा र पानी माटोको छिद्रहरूमा मिलेर बसेका हुन्छन् । माटोमा हावा र पानीको मात्रा लगभग बराबर भएको उचित मानिन्छ । माटोमा प्राङ्गारिक पदार्थको मात्रा सबैभन्दा कम भए तापनि यसले माटोको स्वस्थता, पौष्टिकता र उत्पादकत्वलाई निकै प्रभाव पारेको हुन्छ । के माटो जीवित वस्तुहरूले भरिपूर्ण छ भनेर हामी विश्वास गर्न सक्छौं ? यदि एउटा सानो चिया चम्चा माटो उठाउँछौं भने त्यसमा संसारको हालको जनसंख्याभन्दा (८ अर्ब) धेरै गुणा बढी जीवहरू हुन सक्छन् । अर्थात् माटो असंख्य जीवहरूको विशाल घर हो। माटोमा रहेका जीवहरूले पनि हामी जस्तै खाना खान्छन्, बढ्छन्, अक्सिजन प्रयोग गर्छन् र कार्बनडाइअक्साइड उत्सर्जन गर्छन् । यसरी माटो एक गतिशील पदार्थ हो, जसले माटोभित्रका जीवहरूलाई प्रभाव पार्छ र जीवित वस्तुहरूबाट पनि प्रभावित हुन्छ । माटोका विभिन्न भागहरू ( जस्तै: चट्टानको आकार, पोषण र पानीको मात्रा) अनुसार त्यहाँ विभिन्न जीवहरू बसोबास गर्छन् । यी जीवहरू मिलेर एउटा सानो समुदाय बनाउँछन् । माटोका साना कणहरू वा जीवित वस्तुमा बस्ने साना जीवहरूलाई सूक्ष्मजीव भनिन्छ । उदाहरणका रूपमा माटोमा ढुसीहरू हुन्छन् जसको आकार सानो र जरा जस्तो हुन्छ र यी ढुसीहरूले अन्य जीवहरूसँग सम्पर्क गरेर जानकारी आदानप्रदान गर्छन् । त्यस्तै ब्याक्टेरिया जस्ता सूक्ष्मजीवलाई माइक्रोस्कोप विना देख्न सकिंदैन। बोटबिरुवाका जरामा बस्ने साना जीवहरूलाई राइजोस्फियर सूक्ष्मजीव भनिन्छ ।

सबैभन्दा रोचक कुरा, माटोका सूक्ष्मजीवहरूले आपसमा र अन्य बोटबिरुवा तथा जनावरहरूसँग पनि संवाद गर्न सक्छन् । यस्तो संवादलाई रासायनिक संवाद भनिन्छ, जसमा साना अणुहरूको प्रयोग गरिन्छ । यी अणुहरू परमाणु नामक साना बलहरूको समूहबाट बनेका हुन्छन् । यस्ता परमाणुहरू कार्बन, हाइड्रोजन, अक्सिजन र नाइट्रोजन जस्ता महत्त्वपूर्ण तत्वहरू मिलेर बनेका हुन्छन्, जसले पानी र कार्बनडाइअक्साइड जस्ता अणुहरू बनाउँछन् । यस्ता अणुहरूको विशेष संयोजनले माटो र जीवनका विभिन्न प्रक्रिया चलाउँछन् । केही अणुहरू ग्याँसका रूपमा माटोको हावाका छिद्रहरूबाट एक ठाउँबाट अर्को ठाउँमा जान्छन् । ठिक हामीले फूलको वा ताजा पाकेको रोटीको बास्ना नाकले थाहा पाउँदा जस्तै बोटबिरुवाका जराले पनि यी ग्याँसहरूको बास्ना थाहा पाउँछन् । रासायनिक संवाद केवल सूक्ष्मजीवबाट बोटबिरुवासम्म मात्र होइन, दुईतर्फी पनि हुन्छ । बोटबिरुवाले पनि सूक्ष्मजीवहरूले बुझ्न सक्ने अणुहरू उत्पादन गर्छन् । 'अवतार २- पाण्डोरन न्यूरल नेटवर्क' नामक चलचित्रले यस विषयमा सरल रूपमा बुझाउन खोजेको छ । जसमा पाण्डोराका वनस्पति र जीवजन्तुहरूले एकअर्कासँग कसरी सञ्चार गर्छन् भन्ने कुरा स्पष्ट देखाइएको छ । कुनै पनि बिरुवाको वृद्धि र विकासको लागि रासायनिक तत्वहरू आवश्यक हुन्छन्, जसमा १८ वटा तत्वहरू विशेषगरी महत्वपूर्ण छन् । यी आवश्यक तत्वहरू बिरुवाले दुई विभिन्न स्रोत- माटो र हावाबाट प्राप्त गर्छ । प्राय: माटोका सूक्ष्मजीवहरूले बोटबिरुवाका लागि आवश्यक पोषकतत्त्व उपलब्ध गराएर तिनीहरूको वृद्धि र विकासमा मद्दत गर्छन् । उदाहरणको लागि, राइजोबियम ब्याक्टेरियाले हावामा रहेको नाइट्रोजनलाई अमोनियामा रूपान्तरण गर्छ, जसलाई बोटबिरुवाले आफ्नो वृद्धि र विकासको लागि उपयोग गर्छ । सूक्ष्मजीवहरूले बोटबिरुवालाई रोगजनक ब्याक्टेरिया र शत्रुजीवसँग लड्नमा पनि सहयोग पुऱ्याउँछन् । यद्यपि, वातावरणका निर्जीव तत्वहरू जस्तै, सूर्यको प्रकाश, तापक्रम र पानीका फाइदाजनक र हानिकारक प्रभावहरू हुन्छन् । उदाहरणका लागि पानीको कमीले बोटबिरुवालाई कमजोर पार्न सक्छ । यस्ता कठिन परिस्थितिहरूमा लाभदायक सूक्ष्मजीवहरूले बोटबिरुवालाई जिउन र विकास गर्न सहयोग गर्छन् । अत: माटो एक जीवित र जटिल प्रणालीको रूपमा बुझ्न सकिन्छ, जसको स्वास्थ्यका लागि माटोका जीवाणुहरू महत्त्वपूर्ण छन् । किसानको दृष्टिमा, माटोको मुख्य उद्देश्य बाली उत्पादन गर्नु हो, जसका लागि माटोले पर्याप्त पानी, पोषकतत्वहरू र शत्रुजीव नियन्त्रणको वातावरण प्रदान गर्नु आवश्यक छ । यसरी स्वस्थ माटो भनेको बालीको दिगो उत्पादनको लागि यी सबै कुराहरू मिलाएर माटोले निर्वाह गर्ने भूमिका हो । हाम्रा खेती विधि र अभ्यासहरूले माटो प्रणालीमा बिरुवाका पोषकतत्वहरूको प्रवाह र सन्तुलनलाई विभिन्न स्रोतहरूबाट मद्दत पुऱ्याएको छ । शताब्दीयौंदेखि माटोको उर्वरता पुन: पूर्तिका लागि परम्परागत खेतीले गोठेमल जस्ता प्राङ्गारिक मलहरूको प्रयोगलाई मान्यता दिएको छ, जसले माटोलाई पोषकतत्वहरू दिन्छ र स्वस्थ राख्छ । कम्पोस्ट पशुपालन र जनावरको मल स्रोतलाई कुहाएर बनाएको एक प्राङ्गारिक मल हो । जनसङ्ख्या वृद्धिसँगै, आजको समयमा जमिनको उत्पादकत्वमा वृद्धि गर्नुपर्ने चर्को दबाब बढेको छ र रासायनिक मल तथा विषादीहरूको प्रयोग बढ्नुले माटोको स्वास्थ्यलाई नोक्सान पुऱ्याउन सक्छ, त्यसैले यसमा सतर्कता अपनाउनु आवश्यक छ । माटो हाम्रो साथी हो । माटो पनि हामी जस्तै जीवित छ । माटोले मानिसलाई बाँच्न मद्दत गर्छ । त्यसैले माटोको हेरचाह गर्नुपर्छ । यसको स्वास्थ्यलाई जोगाउनुपर्छ । माटोले हाम्रो विगत, वर्तमान र भविष्यको कथा बोकेको हुन्छ । यसले हामीले गरेको हेरचाह र परिवर्तनहरूलाई सम्झिन्छ। एक दिन माटोले हामीलाई पनि सम्झनेछ। त्यसैले माटोको संरक्षण र यसको स्वास्थ्यमा हाम्रो भूमिकालाई हामीले जानी-बुझिकन गम्भीर रूपमा लिनु आवश्यक छ ।

**(माटो वैज्ञानिक पाण्डे कृषि प्रणालीमा कार्बन र नाइट्रोजन चक्र सम्बन्धी विषयका विशेषज्ञ हुन् ।)**

**-अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरुकालागि बुद्धि र धन खर्च गर्नुपर्ला।आकस्मिक धन लाभका योग छन्। | **तुला** : रचनात्मक कार्यहरूमा जस लिने अवसर प्राप्त हुनेछ । |
| **वृष** :व्यर्थको कुरामा व्यस्त रहने तथा उपलब्धिहीन कार्यमा समय बित्न सक्छ । | **वृश्चिक** : धार्मिक तथा सामाजिक क्रियाकलापमा रुचि बढ्नेछ। |
| **मिथुन** : यात्राले मन प्रसन्न रहनेछ । घर परिवारको सहयोगले उत्साह जगाउनेछ। | **धनु** : सम्पत्तिले उब्जाएको वादविवाद सम्झौतामा टुंगिन सक्ला। |
| **कर्कट** : परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्ला। | **मकर** : व्यापार व्यवसायमा आफन्तहरूको साथ नमिल्ला।मनमा शान्ति छाउँनेछ । |
| **सिंह** : कार्यक्षेत्रमा सीनियर र जुनियर दुवैको सहयोग मिल्नेछ। | **कुम्भ** : जीवनसाथीको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। नयाँ जिम्मेवारी मिल्नेछ। |
| **कन्या** : कार्यक्षेत्रमा आम्दानी बढाउन नयाँ कार्यतर्फ अग्रसर भइनेछ। | **मीन** : कार्यक्षेत्रमा नयाँ कार्य मिल्नुको साथै सन्तान पक्षबाट उपहार मिल्ला। |

# कृषि

## आधुनिक यन्त्रले किसानलाई आलु खेती गर्न सहज



नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका- २ का मायाराम महतोलाई गत वर्षसम्म एक विघा जमिनको आलु खन्न २० जना खेताला जम्मा गर्नु पर्दथ्यो । तर अहिले एक विघा क्षेत्रफलको आलु उनी एक्लैले एकै दिनमा जोत्न भ्याउँछन् ।

लामो समय अर्म-पर्म गरेर आलु खेती गर्नुभएका मायाराममले गत वर्षदेखि घरमै पावर टिलर (हाते ट्याक्टर) किनेर खेती गर्दै आएका छन् । सामूहिक रूपमा आलु खेती गर्ने भएको हुँदा गत वर्ष कृषि ज्ञान केन्द्रको ७५ प्रतिशत अनुदानमा उनले पावर टिलर किनेको बताए । ‘स्वदेशमै कृषि गर्ने भनेर विदेशबाट फर्किएको थिए तर धेरै मानिस खोजेर काम गर्नु पर्दा निकै समस्या भएको थियो । तर अहिले पावर टिलरको सहायताले आलु रोप्नेदेखि निकाल्दासम्म सजिलो भएको छ । हप्ता दिनसम्म लाग्ने गरेको काम एक दुई दिनमै सकिन्छ,’ उनले भने । नन्दपुर बहुउद्देश्यीय कृषक समूह मध्यविन्दु-२ को अध्यक्षसमेत रहनुभएका मायाराममले प्रविधिको सहायताले नै १५ बिघा जमिनमा सामूहिक आलु खेती गरिएको बताए । प्रविधिको सहयोगले गर्दा थोरै जनशक्तिबाट धेरै काम गर्न सकिने भएकाले आर्थिक बचतसमेत भएको किसान मायाराममले बताए । ‘पहिले हामी आफैँ आलु लगाउने ड्याम बनाउने, गोडमेल गर्ने, आलु निकाल्ने गर्दथ्यौँ, धेरै मान्छे र समय लाग्दथ्यो,’ उनले भने, ‘अहिले हाते ट्याक्टरको सहायताले सबै काम गर्दछौँ सहज भएको छ ।’ कृषि प्रविधिले खेती गर्न सहज भएपछि नन्दपुर बहुउद्देश्यीय कृषक समूहले आलु खेतीको क्षेत्रफल पनि विस्तार गरेको छ । सुरुमा दुई बिघा जमिनमा गरिएको आलु खेती अहिले १५ बिघा पुऱ्याइएको छ भने आगामी वर्ष २० बिघामा गर्ने योजना रहेको मायाराममले जानकारी दिए । मध्यविन्दु -२ कै रमेश थनेत थारु पनि पछिल्लो समय प्रविधिका माध्यमबाट खेती गर्दै आएका छन् । लामो समयसम्म कुटो कोदालोको प्रयोग गर्दै आउनुभएका रमेश प्रविधिको माध्यमबाट खेती गर्न सहज भएको बताउँछन् । सबै काम श्रमबाट मात्र गर्दा समय बढी लाग्ने र मिहिनेत धेरै लाग्ने गरे पनि प्रविधिको सहयोगमा कम समयमै धेरै खेती गर्न सकिने उनी बताउँछन् । ‘धान, तोरी, गहुँ खेतीमा कृषि यन्त्रको प्रयोग गर्ने गरिएको भए पनि आलु खेतीमा सबै काम मान्छेले नै गर्ने गरेका थियौ’, उनले भने, ‘अहिले आलु उत्पादन गर्न धेरै सहज भएको छ, थोरै मान्छेले धेरै खेती गर्न सकेका छौ ।’ मायाराम र रमेशजस्तै पछिल्लो समय जिल्लामा धेरै किसानले कृषि यन्त्र प्रयोग गरेर आलु खेती गर्दै आएका छन् । अन्न वालिमा मात्रै कृषि यन्त्रको प्रयोग हुँदै आएकोमा केही वर्षदेखि तरकारी खेतीमा पनि कृषि यन्त्रको प्रयोग बढेको हो । पछिल्लो समय पावर ट्रेलर, ट्याक्टर, मिनी ट्रेलर को सहायताले तरकारी खेती गर्ने गरिएको कृषि ज्ञान केन्द्र नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख कुलप्रसाद तिवारीले बताए । कृषिमा आधुनिक प्रविधिका औजार भित्रिएसँगै धेरै किसानले सहजरूपमा कृषि उत्पादन गर्ने गरेको तिवारीको भनाइ छ । परम्परागत शैलीमा खेतीपाती गर्ने किसान पछिल्लो समय प्रविधितर्फ आकर्षित भएको उनले बताए । ‘जिल्लामा पछिल्लो समय तरकारी खेतीका लागि कृषि यन्त्रको प्रयोग बढेको छ । धेरै जसो किसानले कुटो कोदालोको सट्टा हाते ट्याक्टरको प्रयोग गर्दै आएका छन्’, उनले भने, ‘मानवीय श्रमको भरमा खेती गर्दै आएका किसान पछिल्लो समय प्रविधिमा जोडिएसँगै थोरै किसानले धेरै क्षेत्रफलमा खेती गर्न सक्ने भएको देखेका छौँ ।’ कृषि ज्ञान केन्द्रमार्फत कृषकलाई कृषि यन्त्रमा विभिन्न खाले अनुदान दिँदै आएको प्रमुख तिवारीले जानकारी दिए । परम्परागतरूपमा खेती गर्दै आएका किसानलाई पछिल्लो समय प्रविधिमैत्री बनाउँदै लगेपछि काममा सहजतासँगै उत्पादनसमेतमा राम्रो हुँदै गएको उनले बताए । **-रासस**

## व्यावसायिक माहुरीपालन फस्टाउँदै



रामेछाप जिल्लामा व्यावसायिक माहुरीपालन फस्टाउँदै गएको छ । यहाँका स्थानीय तहहरूमा माहुरीपालन गर्नेको सङ्ख्या बढ्दै गएको छ । मन्थली र रामेछाप नगरपालिका, सुनापति गाँउपालिकालगायतका स्थानीय तहमा व्यावसायिक माहुरीपालन गरिएका छन् । कम लगानीमा बढी आम्दानी हुने भएपछि यहाँका कृषक माहुरीपालनतर्फ आकर्षित भएका हुन् ।

सुख्खा ठाउँमा पनि माहुरीपालन गर्न सकिने भएकाले धेरैको रोजाइमा परेको छ । विशेषगरी सेरेना जातका माहुरीले प्रायः दुई/तीन महिनामै मह उत्पादन गर्ने भएकाले मह बिक्रीबाट आम्दानी लिन सजिलो हुने कृषक बताउँछन् । लामो समयसम्म रोजगारीको सिलसिलामा सहर बसेर फर्किनुभएका रामेछाप नगरपालिका-७ सुकाजोरका स्थानीय कृष्णबहादुर तामाङले गाउँमै केही गर्ने अठोटका साथ माहुरीपालन गरेका छन् । अवसरको खोजी गर्ने क्रममा अन्तिममा माहुरीपालन सहज लागेकोले आफू यस प्रति सन्तुष्ट रहेको उनको भनाइ छ । अहिले मह प्रतिकिलो एक हजारदेखि एक हजार पाँच सयसम्ममा बिक्री हुने गरेको छ । एक सिजनमा एउटा घार बाट तीन केजीसम्म मह उत्पादन हुन्छ ।

एक वर्षमा चार पटकसम्म मह काढ्ने गरेको तामाङको भनाइ छ । मन्थली नगरपालिका-१ का चन्द्रबहादुर मानन्धरले दुई/तीन वर्षमै माहुरीपालन विस्तार गरी २० घार बनाएका छन् । उनले हाल दुई सय किलोभन्दा बढी मह बिक्री गरिसकेका छन् । सुरुमा माहुरीपालनसम्बन्धि कुनै ज्ञान नभए पनि छोटो अवधिको तालिम लिएर सुरु गरेकाले अहिले राम्रै आम्दानी गरेको उनले बताए । उनले भने, ‘विषेशगरी तोरी फुलेका बेलामा माहुरीको मह चाँडो चाँडो काढ्न सकिन्छ । माहुरीको चरन क्षेत्र भनेको फूलबारी र तोरीबारी हो ।’ माहुरीपालन गर्ने कृषकले मह मात्र नभई माहुरी सहितको घारसमेत बिक्री गर्ने गरेका छन् । सेरेना जातको माहुरीसहितको घार प्रतिगोटा रु १० हजारसम्ममा बिक्री हुने कृषक बताउँछन् । मन्थलीमा सदावहार बहुउद्देश्यीय सहकारी संस्थाले पनि माहुरीपालन सुरु गरेको छ । छोटो तालिम पश्चात् सुरु गरेको माहुरीपालनबाट प्रतिकिलो एक हजार दुई सयदेखि एक हजार पाँच सयसम्म गाउँघरमै मह बिक्री गर्ने गरेको सुनापति माहुरीपालन फार्मका सञ्चालक एवं खनियापानीका लालबहादुर मानन्धरले बताए । उनले सेरेना र मेरीफेरा गरी दुई जातका माहुरीबाट एक सिजनमा एक सयदेखि एक सय पचास किलोसम्म मह उत्पादन गर्दै आएका छन् । खनियापनीस्थित रूपाकोटका १८ जनाले पनि व्यावसायिक माहुरीपालन गरेका छन् ।

रूपाकोट माहुरीपालन कृषक समूहले ५३ घार एकै ठाउँमा माहुरीपालन गरेका छन् । खनियापानीमा मात्र पाँच सय घार माहुरीपालन गरिएको छ । महुरीपालनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले पनि विगतदेखि अनुदान स्वरूप सहयोग गर्दै आइरहेको छ । उक्त सहयोग चालु आर्थिक वर्षमा पनि गर्ने कार्यक्रम रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाकी सूचना अधिकारी बिनिषा श्रेष्ठले जानकारी दिइन् ।**-रासस**

## हावाहुरीले केराखेतीमा क्षति, तनावमा किसान



सुनसरी भोक्राहा नरसिंह गाउँपालिका-२ का जब्बार मियाँले भोक्राहा र इनरूवा-८ डुम्रहाको बङकुलवामा १४ बिघा क्षेत्रफलमा सामूहिक केराखेती गरेका छन् । करिब रू ५० लाखको लागतमा जनमजदुर, खाद्यमल, बीउको अभावलगायत समस्याको बाबजुद उनले केराखेती गरेका हुन् । नगदेबाली केराखेतीबाट राम्रो आम्दानी हुनेमा मियाँ निश्चिन्त थिए ।

मियाँ जस्तै खुर्सीद अन्सारीले दुई बिघामा केराखेती गरेका छन् । नौ लाख लागतमा उनले केराखेती गरेका हुन् । उनी लगानीसहित नाफा उठ्ने विश्वासका साथ केराको रेखदेख गरिरहेका थिए । यद्यपि, केही दिनअघिको हुरीबतासले केराखेतीमा क्षति गर्दा भने उनीहरु निरास छन् । केराखेतीमा गरिएको लगानीअनुसार प्रतिफल आउने निश्चिन्त भए पनि असिनापानीसँगै आएको हावाहुरीले केराखेतीमा ठूलो क्षति भएको उनीहरुको भनाइ छ । दुवै जना सुनसरीका लागि उदाहरणको पात्रमात्र हुन् । दुई दिन लगातार असिनापानीसँगै आएको हुरीबतासका कारणले सुनसरीका अधिकांश किसानको केराखेती तहसनहस भएको कृषि ज्ञान केन्द्र इनरूवा सुनसरीले जनाएको छ । गत आइतबार राति र सोमबार साँझको हुरीबतासले खेतमा लगाएको केराका बोट ढालेर ठूलो क्षति गरेको हो । स्थानीय किसानले ऋण लिएर गरेको केराखेतीमा एकैपटक यस्तो ठूलो हावाहुरी आएकाले लाखौँको लगानी डुबाउनेगरी क्षति भएको गुनासो स्थानीय किसानले गरेका छन् ।

सुनसरी सदरमुकाम इनरूवासहित दक्षिणवर्ती क्षेत्रमा पटक-पटक आएको ठूलो हुरीले केराखेतीसहित गहुँ र मकैखेतीमा पनि क्षति भएको स्थानीय किसानले बताएका छन् । इनरूवासहित, गढी गाउँपालिका, भोक्राहा नरसिंह, हरिनगर र देवनागञ्ज क्षेत्रका केरा बगानका लगभग सबै केराका बोट ढलेकाले क्षति भएको स्थानीय किसान जब्बर मियाँले बताए । दुई महिनापछि बजार लान मिल्ने अवस्थामा रहेका केरा ढलेर नोक्सान हुँदा किसानको आर्थिक क्षति भएको इनरूवा केरा पकेट समितिका अध्यक्ष हरि मेहताले बताए । इनरूवामा मात्रै सय बिघा क्षेत्रफलमा केराखेती भइरहेकामा अधिकांश केरालाई हुरीबतासले नोक्सान गरेको उनले सुनाए । करिब एक करोड बराबरको केराखेती ढलेर नोक्सान भएको मेहताले बताए । एकातिर फल्न लागेको केरामा क्षति अर्कातिर ढलेका बोट हटाएर नयाँ केरा लगाउन जमिन तयार गर्न नै अब प्रतिबिघा लाखौँ खर्च गर्नुपर्ने किसानको भनाइ छ । हुरीबतासले केराखेतीमा अहिलेसम्मकै ठूलो नोक्सानी भएको किसान श्यामकुमार यादवले दाबी गरे । सुनसरीमा वार्षिक रूपमा पाँच सय २० हेक्टर अर्थात् एक हजार बिघामा केराखेती हुँदै आएको कृषि ज्ञान केन्द्रका प्रमुख निलकमल सिंहले जानकारी दिएका छन् ।**-रासस**

## रेन्बो ट्राउट माछापालनतर्फ कृषक आकर्षित



चालु आर्थिक वर्षको छ महिनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ३० हजार चार सय ३९ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या एक लाख ६२ हजार छ सय २८ रहेको छ ।

यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा केही कम हो । नेपाल राष्ट्र बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा दुई लाख छ हजार तीन सय ९० जनाले अन्तिम श्रम स्वीकृति र एक लाख ३३ हजार नौ सय ४० ले पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए । वैदेशिक रोजगारीमा जाने नेपालीको लर्को लामो छ । वार्षिक आँकडा केलाउँदै जाने हो भने कुनै वर्ष केही हजारको सङ्ख्यामा तलमाथि भए पनि रोजगारीका लागि पलायन हुनेको सङ्ख्यामा खासै कमी आएको छैन । यद्यपि स्वदेशमै केही गरेर आर्थिकस्तर सुधार्न सकिन्छ भन्ने विश्वास पनि जाग्न थालेको छ । स्वदेशमै श्रम गरे, राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण देखिन थालेका छन् । हो, विदेशमा काम गरेर पैसा पठाउने नेपालीको ठूलो सङ्ख्यामा सामेल हुने सुरमा रहेका मकवानपुरका कृष्णबहादुर एक उदाहरण बनेका छन् । वैदेशिक रोजगारीमा जान निस्केका थाहा नगरपालिका-५ खोलाघारीका कृष्णबहादुर मोक्तान अहिले लखपति किसान भएका छन् । उनले ट्राउट माछापालन गरेर मनग्य आम्दानी गर्दै आएका छन् । माछापालनसँगै किबी र तरकारी खेतीमा व्यस्त भएर उनले वार्षिक लाखौँ आम्दानी गरिरहेका छन् ।

विसं २०७७ देखि ६० लाख लगानीमा दुई रोपनी क्षेत्रफलमा ट्राउट माछा पालनका लागि नौ खण्डको पोखरी निर्माण (रेसवे) गरेर उनले व्यावसायिक माछापालन सुरू गरेका थिए । युनिक कृषि फार्म दर्ता गरेर उनले पाँच हजार रेन्बो ट्राउट र स्थानीयस्तरमा पाइने सात हजार असला माछापालन गरेका छन् । कुनै समय काठमाडौँमा रहेर सवारी चालकका रूपमा काम गर्ने मोक्तान वैदेशिक रोजगारीका लागि साउदी अरब जाने तयारीमा थिए । मेडिकल गर्ने क्रममा उनमा जन्डिस देखिएपछि असफल भए । त्यसपछि रोजगारीका लागि विदेशिने मनसाथ बदलेर उनी आफ्नै गाउँमा केही गर्ने हेतुले घर फर्किए । ‘काठमाडौँमा सवारी चलाउँथेँ, नुवाकोटका एकजना दाइ र म सँगै काम गर्थ्यौँ, उहाँकै सल्लाहमा आृनै गाउँ फर्केर कृषि कर्ममा लागेँ । काभ्रेमा माछा पालनका लागि प्राविधिक ज्ञान लिएँ’, मोक्तानले भने । विसं २०७४ को स्थानीय तहको चुनावमा वडा सदस्य जितेका मोक्तान पुनः वडा सदस्यमा चुनिनु भएको छ । हाल उनी कार्यवाहक वडाध्यक्ष छन् ।

वडाको जिम्मेवारीसँगै उनले कृषि कर्मलाई अगाडि बढाएका छन् । यहाँको कर्मभूमि सामुदायिक वनबाट निस्केको मूलको पानी काठमाडौँको गोदावरीमा जाँच गर्दा ट्राउट माछा पालनका लागि उपयुक्त भएकाले माछापालन सुरू गरिएको मोक्तानको भनाइ छ । आफैँसँग भएको केही रकम र सहकारीबाट ऋण गरेर ट्राउट माछापालन सुरू गरेका उनले एक हजार पाँच सय प्रतिकेजीका दरले यहाँको माछा बिक्री गर्दै आएका छन् । वार्षिक एक हजार सात सय किलो माछा उत्पादन गरी बिक्री गर्दै आएका मोक्तानले २५ लाख बराबरको कारोबार गर्दै आएको बताए । सबै खर्च कटाएर वार्षिक १२ लाख बढी आम्दानी हुने गरेको उनको भनाइ छ । यहाँ उत्पादन भएको माछा हेटौँडा, काठमाडौँ र स्थानीयस्तर दामन, पालुङ र सिमभन्ज्याङमा खपत हुने गरेको छ । ‘बजारको समस्या छैन, उत्पादन गर्न सके बिक्री हुन्छ, प्रायः फार्ममै माछा लिन आउनुहुन्छ, माग भए बजार पनि पठाउँछौँ’, मोक्तानले भने। उनले सञ्चालन गरेको ट्राउट माछापालन र किबीखेतीको काममा तीन जनाले रोजगारी पाएका छन् । किसान मोक्तानले माछापोखरीबाट बगेको पानीलाई घट्ट चलाउन पनि प्रयोग गरेका छन्। भविष्यमा रिसोर्ट बनाएर स्थानीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ काम गरिरहेका उनले स्थानीय स्तरमै उत्पादन भएको मकै, कोदो, फापर, माछा, सिस्नु र खोले सागको परिकार खुवाउने योजनाका साथ काम गरेका हुन् । यस्तै, उनले बाँझो र खेर गइरहेको आठ रोपनी जग्गामा हेवाड जातको किबी फल रोप्नुभएको छभने तरकारीखेतीका लागि एक सय मिटरको पाँचवटा टनेल पनि निर्माणगरेका छन् । त्यस्तै २० रोपनी जग्गामा काउली, बन्दा, गाँजर मुला, आलुलगायत तरकारीखेती गर्दै वार्षिक रू ७ लाख बढी आम्दानी गर्दै आएका छन् ।

पछिल्लो समय मोक्तानले दामनमा रहेको बागवानीबाट एक सय २० बोट किबीको बिरूवा ल्याएर रोप्नु भएको छ । गत वर्ष ३० किलो बढी किबी बिक्री गरेकामा आगामी वर्षबाट पूर्ण रूपमा उत्पादन लिन सक्ने उनको विश्वास छ । उनी जस्तै मकवानपुरका उत्तरी क्षेत्रका किसान रेन्बो ट्राउट माछापालनतर्फ आकर्षित भएका छन् । यहाँका किसानले आर्थिक उपार्जनका लागि माछापालनसँगै नगदेबाली लगाएर मनग्य आम्दानी गर्दै आएका छन् । **-रासस**

